खावासाकी अन्तर्राष्ट्रिय संघ

KIAN

# हेल्लो खावासकी

**जापानिज, अंग्रेजी, चाइनिज, कोरियन अथवा उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग, भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज**

संघको होमपेज(https://www.kian.or.jp/hlkwsk.html) मा पनि प्रकाशित

2-2 किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, 211-0033, जापान

फोन नं.:044-435-7000 फ्याक्स नं.:044-435-7010 https://www.kian.or.jp/ ईमेल: kiankawasaki@kian.or.jp

***************************************************************************************************

★प्रवेश नि:शुल्क तर आवेदन दिनु पर्ने !
★प्रशासनिक अधिकृतबाट नि:शुल्क परामर्शको व्यवस्था पनि छ।
★अनुवाद सुविधा उपलब्ध छ।

## विदेशसँग जोडिएका बालबालिकाका लागि उच्च माध्यमिक विद्यालय भर्ना सम्बन्धि जानकारी कार्यक्रम




खानागावा प्रान्तको सार्वजनिक उच्च माध्यमिक विद्यालयमा भर्ना हुनको लागि आवश्यक जानकारी प्रदान गर्ने कार्यक्रम हो।

मिति : **2025 साल सेप्टेम्बर 15 तारिख (सोमबार/ सार्वजनिक बिदाको दिन) दिउँसो 1 बजे बाट 4 बजे सम्म**
(सहभागी हुने समय आयोजकले तोक्नेछ)
स्थान: खावासाकी अन्तराष्ट्रिय केन्द्रको हल
आवेदन : **सेप्टेम्बर 1 तारिख (सोमबार) सम्म https://hsguide.me-net.or.jp/reservations**
लक्षित व्यक्ति : माध्यमिक विद्यालय तेस्रो वर्षको विद्यार्थीहरु, अभिभावकहरु
लक्षित संख्या : उच्च माध्यमिक विद्यालय भर्ना सम्बन्धि जानकारी प्राप्त गर्न चाहने 24 वटा परिवार
(प्रति परिवारबाट 3 जनासम्म)
विषयवस्तु : उच्च माध्यमिक विद्यालयको परिचय, अन्य विभिन्न कुराहरुको परामर्श, आदि
सम्पर्क : koko@mcajp.com मा जापानिज, अंग्रेजी अथवा रोमनबाट इमेल पठाउनुहोस्
आयोजक: बहुसांस्कृतिक गतिविधि सम्पर्क परिषद्
सह-आयोजक: खावासाकी अन्तराष्ट्रिय केन्द्र,
खानागावा प्रान्तको शिक्षा विभाग, बहुसांस्कृतिक नेटवर्क खानागावा "मि-नेट(ME-net)"

ME-net HP

***************************************************************************************************



## राष्ट्रिय जनगणनाको सूचना



अक्टोबर 1 तारिखमा जापानमा बसोबास गर्ने सबै व्यक्तिहरु (विदेशीहरू सहित) को संख्या, उमेर, पेशा आदि पत्ता लगाउन राष्ट्रिय जनगणना गरिनेछ।

सेप्टेम्बर 20 तारिख (शनिबार) देखि तथ्यांक विभागको कर्मचारीहरुले तपाईको घरमा प्रश्नावली वितरण गर्नेछन्। इन्टरनेट बाट (7 वटा भाषाहरु: जापानिज, अंग्रेजी, चाइनिज, कोरियन, पोर्तुगाली , स्पेनिश र भियतनामी) जवाफ भर्न सक्ने व्यक्तिहरुले सेप्टेम्बर 20 तारिख (शनिबार) देखि अक्टोबर 8 तारिख (बुधबार) भित्रमा अनलाइनबाट जवाफ भर्नुहोस्। इन्टरनेटबाट जवाफ भर्न असमर्थ अथवा थाहा नभएको कुराहरु भएमा सम्पर्क केन्द्रमा सम्पर्क गर्नुहोस्।

सम्पर्क : राष्ट्रिय जनगणना सम्पर्क केन्द्र 0570-02-5901
IP फोन र प्रिपेड मोबाइलबाट 03-6628-2258
(सेप्टेम्बर 16 तारिख देखि नोभेम्बर 7 तारिख सम्म बिहान 9 बजे बाट राति 9 बजे)

国勢調査2025

# विदेशीका लागि जीवनयापन सहयोग कार्यक्रम – खावासाकीमा सुरक्षित र सहज बसोबासको लागि मार्गदर्शन

खावासाकी शहरमा बसोबास गरिरहेका विदेशी नागरिकहरूलाई जापानमा सुरक्षित, आरामदायी र व्यवस्थित जीवनयापन गर्न आवश्यक पर्ने जानकारीहरू प्रदान गर्नेछौं। मुख्य विषयहरुमा प्रकोपको रोकथाम, फोहोर फाल्ने तरिका, औषधि उपचार, कर, स्वास्थ्य बीमा, पेन्सन, भिषाको प्रकार र अन्य उपयोगी जानकारी हुनेछन्। सरल जापानिज भाषामा व्याख्या गरिनेछ। भाषिक अनुवाद पनि उपलब्ध छ।

मिति :2025/8/31 (आइतबार)
समय :बिहान 9 बजे बाट दिउँसो 12 बजे सम्म
स्थान :खावासाकी शहर एकीकृत विज्ञान उच्च माध्यामिक विद्यालय
सम्पर्क :खावासाकी अन्तराष्ट्रिय केन्द्र
☎ : 044-435-7000
✉ : soudan39@kian.or.jp




नि:शुल्क

********************************************************************************************

# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

**केहि प्रश्नहरु भएमा अथवा केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोस्। (नि: शुल्क हो।)**

## ZOOM प्रयोग गरेर अनलाइन परामर्श पनि लिन सक्नुहुन्छ !

बुकिंग होमपेज बाट गर्नुहोस्

परामर्शको समय: **बिहान 9 बजे बाट 5 बजे (खाजाखाने छुट्टीमा पनि परामर्श सेवा उपलब्ध छ।)**
प्रत्यक्ष सम्पर्क फोन नं.: **044-455-8811**
**परामर्श दातासँग प्रत्यक्ष, फोन, ईमेल, अनलाइन आदि मार्फत परामर्श लिन सक्नुहुन्छ।**
**भाषा अनुसार उक्त भाषा बोल्ने परामर्श दाता नभए पनि फोनको भाषिक अनुवाद सुविधा प्रयोग गरेर परामर्श लिन सक्नुहुन्छ।**

| भाषा | बार | समाधान गर्ने तरिका |
|---|---|---|
| सजिलो जापानिज, अंग्रेजी, चाइनिज, पोर्तुगाली, स्पेनिश, तागालोग, नेपाली, कोरियान, थाई, भियतनामी | सोमबार देखि शनिबार | परामर्श दाताले बोल्न सक्ने भाषाहरु (**नोट**) बार अनुसार उक्त भाषा बोल्ने परामर्श दाता नभए पनि फोनको भाषिक अनुवाद सुविधा प्रयोग गरेर परामर्श गरिनेछ। |
| इन्डोनेसियाली | सोमबार देखि शुक्रबार | |
| हिन्दी, फ्रान्सेली, रुसी, मलाय, बर्मेली | सोमबार देखि शुक्रबार | फोनको भाषिक अनुवाद सुविधा प्रयोग गरेर परामर्श लिन सक्नुहुन्छ। |

अनलाइन परामर्शको आवेदनको लागि

खावासाकी अन्तर्राष्ट्रिय संघको होमपेज

# प्रशासनिक अधिकृत बाट नि:शुल्क परामर्श

प्रशासनिक अधिकृतसँग परामर्श लिन सक्ने विषयहरु धेरै भएता पनि मुख्यतया विभिन्न लाइसेन्सहरुको आवेदन, उत्तराधिकार सम्बन्धित प्रक्रियाहरु, भिषा सम्बन्धित प्रक्रियाहरु, कम्पनी स्थापना, सम्झौता पत्रहरुको तयारी, उत्तराधिकार सम्बन्धि इच्छापत्र तयारी आदि हुन।

**प्रत्येक महिनाको तेस्रो आइतबार परामर्श सेवा उपलब्ध छ।** जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि सशुल्क अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सक्नुहुन्छ।

**2025/8/17 र 2025/9/21 (आइतबार)** दिउँसो **2 बजे बाट 4 बजे** (केन्द्रको दोस्रो तल्ला संघको बैठक कोठा)